आठराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ९ मितिः २०७५/०४/०१

**भाग-१**

**आठराई गाउँपालिका**

# आठराई गाउँपालिकाको
# आर्थिक ऐन, २०७५

**आठराई गाउँपालिका संकृान्तिबजार**

**तेह्रथुम**

१ नं. प्रदेश, नेपाल

# आठराई गाउँपालिकाको
# आर्थिक ऐन,२०७५

**गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** गाउँपालिकाको आर्थिक वर्ष२०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२)बमोजिम आठराई गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आठराई गाउँपालिकाको आर्थिक ऐन,२०७5" रहेको छ ।
(२)यो ऐन २०७५साल श्रावण १ गते देखि गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाक्षेत्र भित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६— **जडिवुटी कवाडी र जिवजन्तु कर .**गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ती वा संस्थाले उन खोटो जडिवुटी वनकस कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जिवजन्तु वाहेकका अन्य मृत्य वा मारिएका जिव जन्तुको हाड सिङ प्वाँख छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचि ५ वमोजिमको कर लगाईने र असुल उपर गरिने छ ।

७ **.सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।र उक्त कर सम्वन्धित प्रदेशले असुल गरि अन्तर सरकारी वित्त व्यवस्थापन एन बमोजिम स्थानिय 2074 विभागीय कोष मार्फत गाउँपालिकाको सन्चित कोषमा बाँडफाँड गर्नु पर्ने छ।

८ **.विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन एन बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत 2074 सङ्कलन गरि प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नु पर्ने छ ।

९ **.मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन एन बमोजिम सम्बन्धित प्रदेशले निर्धारण 2074 गरेकोमनोरन्जन कर समेत सङ्कलन गरि प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नु पर्ने छ ।

.10**बाहाल विटोरी शुल्क —**गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सन्चालन गरेका हाट वजार पसल वा सरकारी जग्गामा अनुसूचि ९ मा उल्लेख भए अनुसार बाहाल विटोरी शुल्क लगाईने र असुल उपर गरिने छ ।

११ **.पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि(10)बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२ .**सेवा शुल्क तथा सिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११)मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३ .**कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४ .**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनुसूची १**

(दफा २ संग सम्बन्धित)

**सम्पति कर**

यस गाउँपालिकावाट स्थानीय सरकार संचालन ऐन २०७४ र एकिकृत सम्पतिकर सम्बन्धमा एकिकृत सम्पतिकर व्यवस्थापन निर्देशिका, २०६१ (दोश्रो संशोधन) वमोजिम निर्धारण गरिएको न्यूनतम दरमा नघट्ने गरी स्वयमकर निर्धारणको आधारमा मूल्यांकन गरी साविक वमोजिम एकिकृत सम्पतिकर लिने ।

## अनुसूची २

(दफा ३ संग सम्बन्धित)

**भूमि कर (मालपोत)**

अर्को कानून नबनेसम्म मालपोत देहाय वमोजिम असूल गर्ने ।

भूमि कर (मालपोत) : अर्को कानून नबनेसम्म मालपोत देहाय वमोजिमको लिईने छ ।

| २० रोपनी भित्रको दर | | | | | |
|---|---|---|---|---|---|
| खेत जग्गा प्रतिरोपनी | | | वारी जग्गा प्रतिरोपनी (रू मा ) | | |
| चालु आ.व. २०७४।०७५ को दर | | आगामी आ.व. २०७५।०७६ को प्रस्तावित दर | | चालु आ.व. २०७४।०७५ को दर | आगामी आ.व. २०७५।०७६ को प्रस्तावित दर |
| अवल | ४ | | | २.५० | २.५० |
| दोयम | ३ | ३ | दोयम | १.५० | १.५० |
| सिम | २ | २ | सिम | १ | १ |
| चाहार | १ | १ | चाहार | ०.५० | ०.५० |
| ४० रोपनी भित्रको दर | | | | | |
| अवल | ५ | ५ | अवल | ३ | ३ |
| दोयम | ४ | ४ | दोयम | २.५० | २.५० |
| सिम | ३ | ३ | सिम | १.५० | १.५० |
| चाहार | २ | २ | चाहार | १ | १ |
| ४० रोपनी भन्दा माथी | | | | | |
| अवल | ६ | ६ | अवल | ५ | ५ |
| दोयम | ५ | ५ | दोयम | ४ | ४ |
| सिम | ४ | ४ | सिम | ३ | ३ |
| चाहार | ३ | ३ | चाहार | २ | २ |

## अनुसूची ३

(दफा ४ संग सम्बन्धित)

## घरवहाल करको दर

| सि.नं. | राजश्वका क्षेत्रहरू | एकाई | चालु आ.व.२०७४।०७५को दर | आगामी आ.व. २०७५।०७६ को प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | घर जग्गा वहाल कर | प्रतिसत | १० प्रतिसत | १० प्रतिसत | |

## अनुसूची ४

(दफा ५ संग सम्बन्धित)

## व्यवसाय कर

व्यवसायकर निम्न अनुसार लिईनेछ ।

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | एकाई (वार्षिक) | चालु आ.व. २०७४।०७५ को दर<br>क (रू) (ख) रू (ग) रू | आगामी आ.व. २०७५।०७६ को प्रस्तावति दर<br>क रू ख (रू)<br>ग (रू) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता,लज भएकोलाई (ख)<br>• रेष्टूरेन्ट मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रू. २०००।०० | रू | ६०० ४०० २०० | ६०० ४०० २०० |
| २ | मासू पसल<br>• रांगाको समेत सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखूरा बेच्नेलाई (क)<br>• रांगा वाहेक खसी वोका सहितको मासू बेच्नेलाई (ख)<br>• रांगा खसी, वोका वाहेकको मासू मात्र बेच्ने लाई (ग) | | ६०० ४०० २०० | ६०० ४०० २०० |
| ३ | मदिरा पसल<br>• ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | | १००० ८०० | १००० ८०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | कोल्ड ड्रिंक्स | | १०० | १०० |
| ५ | सून चांदी गहना पसल<br>• आफनै सून चांदी लिई वनाउने र बेच्नेलाई (क)<br>• अरूको सून चांदी लिई वनाउनेलाई (ख) | | ८०० ६०० | ८०० ६०० |
| ६ | रेडियो/मोवाईल विक्री तथा मर्मत | | ३०० | ३०० |
| ७ | संचार सेवा | | २५० | २५० |
| ८ | घडि विक्री तथा मर्मत | | २०० | २०० |
| ९ | केवल टि.भि.सेवा | | १५०० | १५०० |
| १० | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | | ८०० | ८०० |
| ११ | ह्जाम | | ५० | ५० |
| १२ | टेलरिंग | | १०० | १०० |
| १३ | जूत्ता पसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | | ३०० | ३०० |
| १४ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | | १००० ५०० २०० | १००० ५०० २०० |
| १५ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | | १००० ७०० | १००० ७०० |
| १६ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | | १००० ८०० ५०० | १००० ८०० ५०० |
| १७ | मेटल वर्कशप | | १००० | १००० |
| १८ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झयालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | | २४०० १५०० | २४०० १५०० |
| १९ | ईटा भट्टा र ईटा डिपो | | २४०० ७००० | २४०० ७०० |

| | | | | |
|---|---|---|---|---|
| | • ईटा भट्टालाई (क)<br>• ईटा डिपोलाई (ख) | | | |
| २० | कम्प्युटर ईन्स्टिच्युट | | ५०० | ५०० |
| २१ | दाउरा डिपो | | २०० | २०० |
| २२ | पान पसल | | ५० | ५० |
| २३ | बेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | | १०००, ८०० | १०००, ८०० |
| २४ | तरकारी र फलफूल पसल | | ५०० | ५०० |
| २५ | चित्रा पसल | | ३०० | ३०० |
| २६ | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | | १०००, ६०० | १०००,६०० |
| २७ | डिलर | | २००० | २००० |
| २८ | साईकल भाडा तथा मर्मत | | १०० | १०० |
| २९ | ठेकेदार<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रू.१,२००।०० | | ५०००,३०००,२००० | ५०००,३०००,२००० |
| ३० | कपडा पसल | | १००० | १००० |
| ३१ | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | | १५००,५००,३०० | १५००,५००,३०० |
| ३२ | खाद्य पसल<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खूद्रा मात्रको खाद्य पसललाई (ख) | | ५००, २०० | ५०० २०० |
| ३३ | भांडा पसल<br>• धातू तथा प्लाष्टिकका भाँडा तथा सामान बेच्नेलाई (क)<br>• नूवाकोट जिल्लामा उत्पादन भएको माटोको भाँडा वाहेक अन्यत्रवाट ल्याएर विक्री गर्ने माटोको भाँडा तथा सामान बेच्नेलाई (ख) | | ४००,२०० | ४००, २०० |
| ३४ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल | | ५००,३००,१०० | ५००,३००,१०० |

| | | | | |
|---|---|---|---|---|
| | • थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा वढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | | | |
| ३५ | कूखुरा पालन<br>• एकहजार भन्दा वढी कूखुरा पाल्नेलाई (क)<br>• एकहजार भन्दा कम कूखुरा पाल्नेलाई (ख) | | १०००,६०० | १०००, ६०० |
| ३६ | तैयारी पोशाक पसल | | २०० | २०० |
| ३७ | तैयारी जूत्ता पसल | | २०० | २०० |
| ३८ | दन्त क्लिनिक | | २०० | २०० |
| ३९ | हार्डवेयर पसल | | ८०० | ८०० |
| ४० | ईलेक्टिक पसल | | ७०० | ७०० |
| ४१ | कानूनी फर्म तथा लेखापढी व्यवसाय | | ५०० | ५०० |
| ४२ | साईन वोर्ड पेन्टीङ्ग | | २०० | २०० |
| ४३ | फर्निचर एण्ड फर्निसिंग पसल | | १००० | १००० |
| ४४ | स्टेशनरी पसलउ<br>• खेलकुदका सामग्री सहित भएकोलाई (क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | | ५००, ३०० | ५००,३०० |
| ४५ | जडीवूटी खरिद विक्री पसल | | १५०० | १५०० |
| ४६ | लेखापरीक्षक | | ५०० | ५०० |
| ४७ | टेलिभिजन पसल | | १००० | १००० |
| ४८ | अन्य उद्योग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | | ५०००,२०००,१००० | ५०००,२०००,१००० |
| ४९ | विज्ञापन सेवा वा एजेन्ट | | ५०० | ५०० |
| ५० | पशू वधूशाला | | १००० | १००० |
| ५१ | अन्तराष्टिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) | | ५००० | ५००० |
| ५२ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य वैंक (क)<br>• वित्तिय संस्थाको शाखा कार्यालय (ख)<br>• ऋण तथा बचत सहकारी संस्था (ग) | | ५०००,२०००,१००० | ५०००,२०००,१००० |
| ५३ | नीजि स्कुल | | १००० | १००० |
| ५४ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | | १००० ,५०० | १००० ,५०० |

| | | | | |
|---|---|---|---|---|
| ५५ | चस्मा पसल | | ५०० | ५०० |
| ५६ | शिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल | | ५०० | ५०० |
| ५७ | रेफ्रिजेरेटर मर्मत | | ५०० | ५०० |
| ५८ | दूग्घ डिपो/पसल | | ५०० | ५०० |
| ५९ | व्यूटि पार्लर | | ५०० | ५०० |
| ६० | सप्लायर्स | | १००० | १००० |
| ६१ | टेलिफोन टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई | | ५००० | ५०००<br>५००० |
| ६२ | जग्गा विकास/हाउजिङ्ग | | ५००० | १५०० |
| ६३ | म्यानपावर सेवा | | १५०० | १००० |
| ६४ | क्याटेरिङ्ग सेवा | | १००० | १००० |
| ६५ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | | १००० | १००० |
| ६६ | मार्वल / टायर पसल | | १००० | १००० |
| ६७ | सवारी साधनको शो रूम<br>• गाडीको शोरूम (क)<br>• मोटरसाईकलको शोरूम (ख)<br>• टैक्टर तथा अन्य मेशिनरीको शोरूम (ग) | | ५०००,३०००,२००० | ५०००,३०००,२००० |
| ६८ | माथि उल्लेख भएको वाहेक अन्य व्यवशाय, सेवा आदीहरूमा प्रचलित कानुनमा तोकिएको हद भित्र रहेर कर असूली गर्ने । | | | |
| ६९ | कृषि सामग्रीको पसल / भेटेनरी सम्बन्धी पसल | | ५०० | ५०० |
| ७० | आईस क्रिम पसल | | ३०० | ३०० |
| ७१ | दाना उद्योग | | १००० | १००० |
| ७२ | तारजाली वनाउने उद्योग | | १००० | १००० |
| ७३ | कृषि व्यवशाय (वंगूर, माछा, गाई पालन) | | ५०० | ५०० |
| ७४ | नीजि कलेज | | ५००० | ५००० |
| ७५ | ब्लक उद्योग | | १५०० | १५०० |
| ७६ | मिनरल वाटर उद्योग | | २००० | २००० |
| ७८ | पानी टयांकर | | ५०० | ५०० |
| ७९ | ग्यास डिपो | | ७०० | ७०० |
| ८० | कोल्डस्टोर (शितभण्डार) | | १००० | १००० |

नोट :

१. यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यस्मा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२. म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवशायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवशायकर असुल गरिनेछ ।

**अनुसूची ५**

(ऐनको दफा ६ संग सम्बन्धित)

**जडिवुटी ,कवाडी र जिवजन्तु करको दर**

**तपसिल**

| सि.नं. | माल वस्तुको विवरण | ईकाइ | दर (रू) आ.व. २०७४।०७५ | आगामी आ.व. २०७५।०७६ को प्रस्तावित दर |
|---|---|---|---|---|
| १. | काँचो छाला | प्रति गोटा | | २५ |
| २. | कुखुरा | प्रति गोटा | | २ |
| ३. | अलैंची | प्रति केजी | | ३ |
| ४. | सुन्तला कागती | प्रति केजी | | १ |
| ५. | दाना( रुद्राक्ष) | प्रति केजी | | १ |
| ६. | वाखा,भेडा सुंगुर | प्रति गोटा | | १५ |
| ७. | भैंसी,राँगा,गाई गोरु | प्रति गोटा | | ४० |
| ८. | सुंगुरको जगर | प्रति तोला | | १ |
| ९. | राडी पाखी | प्रति गोटा | | १० |
| १० | छुर्पी | प्रति केजी | | २ |
| ११ | आलु | प्रति केजी | | ०.२५ |
| १२ | घिऊ | प्रति केजी | | १० |
| १३ | नास्पाती | प्रति केजी | | ०.१० |
| १४ | कुराउनी | प्रति केजी | | १० |
| १५ | अन्य तरकारी | प्रति टोकरी | | १० |
| १६ | नाङला,डाला,कुचो | प्रति गोटा | | १ |
| १७ | कुकाठ गोलिया | प्रति क्यूफिट | | १ |
| १८ | चिरानी काठ | प्रति क्यूफिट | | १४ |
| १९ | अम्रिसो (प्रति किलो १० ) | प्रति ट्रक | | १०० |
| २० | वनकस खर वावियो ,लोक्ता पटेर आदि (प्रतिकिलो १० ) | प्रति ट्रक | | १०० |
| २१ | खोटो | प्रति केजी | | ५० |
| २२ | रातोमाटो | प्रति ट्रक | | १०० |
| २३ | ढुंगा वालुका गिटी | प्रति ट्रक | | १०० |
| २४ | चियापत्ती | प्रति मिनी ट्रक | | ०.३५ |
| २५ | अदुवा | प्रति मिनी ट्रक | | १४ |
| २६ | खयर | प्रति क्यूफिट | | १०० |
| २७ | दुध | प्रति ट्याक्टर | | ५० |
| २८ | लप्सीको वियाँ | प्रति केजी | | ०.१० |

| | | | | |
|---|---|---|---|---|
| २९ | सुर्तीको डण्ठल करतन | प्रति केजी | | ०.१० |
| ३० | सालको वियाँ | प्रति केजी | | ०.५० |
| ३१ | चिउरीको वियाँ | प्रति केजी | | ०.५० |
| ३२ | सिन्कौली (तेजपत्ता) | प्रति केजी | | ०.२५ |
| ३३ | नेपाली कागज | प्रति केजी | | १ |
| ३४ | अकवरे खुर्सानी | प्रतिकेजी | | १ |
| ३५ | अमिलो चुक | प्रति लिटर | | ५ |
| ३६ | ढाका टोपी १ दर्जन भन्दा माथी | प्रति गोटा | | १ |
| ३७ | सर्ट चौवन्दी ,१ दर्जन भन्दा माथि मात्र | प्रति गोटा | | २ |
| ३८ | ढाका साडि, दर्जन भन्दा माथि मात्र | प्रति गोटा | | ५ |
| ३९ | ढाका ठुलो पछ्यौरी कुर्ता सुरुवाल दर्जन भन्दा माथि मात्र | प्रति गोटा | | ३ |
| ४० | वाँस | प्रति गोटा | | ५०० |
| ४१ | मंजिटो | प्रति केजी | | १ |
| ४२ | खानाक्वा | प्रति केजी | | १ |
| ४३ | चिराईती | प्रति केजी | | २ |
| ४४ | धुपी | प्रति केजी | | १ |
| ४५ | डयाग्रे सल्ला | प्रति केजी | | ५ |
| ४६ | रिठ्ठा | प्रति केजी | | १ |
| ४७ | वन लसुन | प्रति केजी | | १ |
| ४८ | गुजरगानो | प्रति केजी | | १ |
| ४९ | खेकिम | प्रति केजी | | १ |
| ५० | जडिवुटी नखुलेको | प्रति केजी | | १ |
| ५१ | विख्मा | प्रति केजी | | १० |

## अनुसूची ६

(दफा ७ संग सम्बन्धित)

## सवारी साधन कर

**(क) वार्षिक सवारीकर निम्न अनूसार लिने ।**

| सि.नं. | विवरण | दर (रू) आ.व. २०७४।०७५ | आगामी आ.व. २०७५।०७६ को प्रस्तावित दर |
|---|---|---|---|
| १ | बस, ट्रक तथा अन्य हेभी सवारीमा | ५००।०० | ५००।०० |
| २ | भाडाको मिनिबस, भ्यान, ट्रयाक्टर आदिमा | ३००।०० | ३००।०० |
| ३ | भाडाको जीप, पिकअप, आदिमा | १५०।०० | १५०।०० |
| ४ | भाडाको टेम्पो | ५०।०० | ५०।०० |
| ५ | नीजि जीप, कार, भ्यान आदिमा | १५०।०० | १५०।०० |

| | | | |
|---|---|---|---|
| ६ | मोटरसाईकल / स्कुटर | ५०।०० | ५०।०० |
| ७ | ठेला गाडा | १०।०० | १०।०० |
| ८ | अन्य सवारीमा | २०।०० | २०।०० |

(ख) पटके सवारीकर निम्न अनुसार लिने ।

(ख.१) यस गाउपालिकामा प्रबेशका लागि बाटो निर्माण तथा संभार गर्नका लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४३ अनुसूची ११ को प्रकरण २ वमोजिम गाउँपालिका आफैले वनाएको सडकको पटके सवारी कर लगाउन सक्ने व्यवस्था समेत भएकोले चालु आ.ब. २०७४/७५ देखि देहाय अनुसार पटके सवारी कर लिने ।

(ख.१.१) बस, टक, टैक्टर आदीमा रू.२५।००

(ख.१.२) अन्य सवारीमा रू.१५।००

(ख.१.३) यस गाउपालिकामा सवारी वार्षिक कर तिरेका सवारीमा र मोटरसाईकल जस्ता सवारीमा र सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिईने छैन ।

**अनुसूची ७**

(दफा ८ संग सम्बन्धित)

**विज्ञापन कर**

ठेक्का प्रकृया द्धारा विज्ञापनकर उठाउनको लागि देहाय अनुसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

विज्ञापन कर चालु आ.व. आगामी आ.व.

२०७४।७५ को दर २०७५।७६ को प्रस्तावित दर

(क) सववोर्ड प्रति वर्गफिट रू. ४०/०० रू. ४०/००

(ख) होडिंगवोर्ड प्रति वर्गफिट रू. ७५/०० रू. ७५/००

(ग) ग्लोसाईनवोर्ड प्रति वर्गफिट रू. ९०/०० रू. ९०/००

| | | | |
|---|---|---|---|
| (घ) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट | रू. २०/०० | रू. २०/०० |
| (ञ) ब्यानर प्रति हप्ता | रू. १००/०० | रू. १००/०० |
| (च) पोलबोर्ड प्रति गोटा प्रति वर्ष | रू. १,०००/०० | रू. १,०००/०० |
| (छ) डिजिटल बोर्ड प्रति वर्गफिट | रू. २००/०० | रू. २००/०० |

## अनुसूची ८

(दफा ९ संग सम्बन्धित)

**मनोरन्जन कर**

मनोरन्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग गाउपालिका र संचालक बीच आपसी समझदारीमा मनोरन्जनकर शुल्क लिने ।

## अनुसूची ९

(दफा १० संग सम्बन्धित)

**वहाल विटौरी शुल्क**

## अनुसूची १०

(दफा ११ संग सम्बन्धित)

**पार्किङ्ग शूल्क**

पार्किङ्ग शूल्क निम्न अनूसार लिईनेछ ।

(क) गाँउपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकमा रु.१०।०० पार्किङ्ग शुल्क लिईने छ ।

(ख)कुनै पनि सवारी साधनले निजी स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग गरेको अवस्था वाहेक गाँउपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदी स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ्ग गरेमा प्रत्येक पटकमा रु.५।०० पार्किङ्ग शुल्क लिने छ । यस्तो शुल्क प्रत्येक २४ घण्टामा थप लाग्दै जाने छ ।

## अनुसूची ११

(दफा १२ संग सम्बन्धित)

**सेवा शुल्क तथा सिफारिस दस्तूर**

**गाउँपालिकावाट उपलव्ध गराउने सिफारिसहरूको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।**

| सि.नं. | विवरण | सिफारिस दस्तूर रू.२०७४।०७५ को दर | आगामी आ.व.२०७५।७६ को प्रस्तावित दर |
|---|---|---|---|
| १ | नाता प्रमाणित | १००।०० | १००।०० |
| २ | धारा/ विजूली | १००।०० | १००।०० |
| ३ | नाम, थर आदि सच्याउने | १००।०० | १००।०० |
| ४ | जग्गा / मोही नामसारी / जग्गा दर्ता / गूठी / रैकर आदि | २००।०० | २००।०० |
| ५ | जग्गा खरिद विक्रीमा घर,वाटो प्रमाणित | २००।०० | २००।०० |
| ६ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | ३००।०० | ३००।०० |
| ७ | अन्य मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | २००।०० | २००।०० |
| ८ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको ०.२ प्रतिशतका दरले | वार्षिक हुन आउने रकमको ०.२ प्रतिशतका दरले |
| ९ | **रूख काट्नको लागि सिफारिस दिंदा प्रति रू.** | **३०।००** | **३०।००** |
| १० | टेलिफोन जडान सिफारिस | ३००।०० | ३००।०० |
| ११ | अंग्रेजी सिफारिस | ५००।०० | ५००।०० |
| १२ | नागरिकता संकल/प्रतिलिपि | १००।०० | १००।०० |
| १३ | सर्जमिन सहित नागरिकता सिफारिस | २००।०० | २००।०० |
| १४ | सर्जमिन सहित अंङकृत नागरिकता सिफारिस | ५००।०० | ५००।०० |
| १५ | मिलापत्र दस्तुर | ५००।०० | ५००।०० |
| १६ | उजुरी दस्तुर | १००।०० | १००।०० |
| १७ | स्थानीय वसोवास | १००।०० | १००।०० |
| १८ | नामथर र उमेर संशोधन सिफारिस | १००।०० | १००।०० |

| | | | |
|---|---|---|---|
| १९ | संस्था दर्ता सिफारिस | ५००।०० | ५००।०० |
| २० | नविकरण सिफारिस | ३००।०० | ३००।०० |
| २१ | घर सारी | १००।०० | १००।०० |
| २२ | सिनेमाहल खोल्ने सिफारिस | ५०००।०० | ५०००।०० |
| २३ | पेन्सन पट्टा सिफारिस<br>नेपाल<br>भारत<br>अन्य | <br>१००।००<br>२००।००<br>५००।०० | <br>१००।००<br>२००।००<br>५००।०० |
| २४ | अपुताली सिफारिस | १००।०० | १००।०० |
| २५ | मेला सकेस अनुमती | २०००।०० | २०००।०० |
| २६ | व्यवसाय दर्ता सिफारिस ०० देखि १५ लाख सम्मको | ५००।०० | ५००।०० |
| २७ | १० लाख सम्मको | ४००।०० | ४००।०० |
| २८ | ५ लाख सम्मको | २००।०० | २००।०० |
| २९ | साधारण सिफारिस शुल्क | १००।०० | १००।०० |
| **पञ्जीकरण सम्वन्धमा ३५ दिन भित्रमा घट्ना दर्ता भए कुनै पनि शुल्क नलाग्ने ३५ दिन नाघेमा तपसिल वमोजिमको दस्तुर लाग्नेछ ।** | | | |
| १ | जन्म दर्ता | ५०।०० | ५०।०० |
| २ | विवाह दर्ता | ५०।०० | ५०।०० |
| ३ | मृत्यु | ५०।०० | ५०।०० |
| ४ | वसाई सराई | ५०।०० | ५०।०० |
| ५ | सम्वन्ध विच्छेद | ५०।०० | ५०।०० |

नोट : १) योजनाहरू, छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठनागरिक भत्ता प्राप्तको लागि गरिने मन्जूरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

➢ चारकिल्ला प्रमाणित दस्तूरः चारकिल्ला प्रमाणित सिफारिस दिदा प्रति कित्ता निम्न वमोजिम क्षेत्रफल भएको जग्गाहरूमा निम्न वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १ | आधा रोपनि सम्मको जग्गाको | ५०।०० |
| २ | एक रोपनि सम्मको जग्गाको | १००।०० |
| ३ | एक रोपनि भन्दा बढी ५ रोपनि सम्मका | १५०।०० |
| ४ | ५ रोपनि भन्दा बढी १० रोपनि सम्मका | २००।०० |
| ५ | १० रापनि ०९४भन्दा बढी जतिसुकै भएपनि | २५०।०० |

**घर नक्सा पास दस्तुर**

| क.स. | नक्सापास | आवासीय घर रू २०७४।०७५ दर | आ.व. २०७५।०७६ को प्रस्तावित दर |
|---|---|---|---|
| १ | कम्पाउण्ड वाल प्रति वर्ग फूट | | १.५ |
| २ | लोड वियरिङ घर प्रति वर्ग फिट | | १.४ |
| ३ | आर.सि.सि. घर प्रति वर्ग फिट | | ५ |
| ४ | कच्ची घर (वजार क्षेत्र) प्रति वर्ग फिट | | ३ |
| ५ | कच्ची घर (ग्रामिण क्षेत्र) | | १।५ |
| ६ | नक्सा संशोधन १५ प्रतिसत थप | | |
| ७ | ले आउट प्रति वर्ग फिट | | १ |
| ८ | प्रविधिक सहगोग | | ३५० |
| ९ | नक्सा डिजाईन शुल्क | | |
| १. | २००० वर्ग फिट सम्म | | १२५ |
| २. | ३००० वर्ग फिट सम्म | | १५० |
| ३. | ४००० वर्ग फिट सम्म | | १७५ |
| ४. | ५००० वर्ग फिट सम्म | | २०० |
| ५. | ५००० वर्ग फिट भन्दा माथी | | २५० |
| १० | नक्सा नामसारी प्रति तला | | १५०० |
| ११ | नक्सा पास दस्तुर RCC | | १५०० |
| १२ | नक्सापास दस्तुर लोडवाईरिङ | | १००० |
| १३ | नक्सा पास दस्तुर कच्ची घर | | ५०० |
| १४ | निवेदन दर्ता दस्तुर | | ५०० |
| १५ | निवेदन दर्ता दस्तुर किताव | | ७०० |
| १६ | निर्माण सम्पन्न प्रमाण पत्र | | ३०० |
| १७ | अमिन दस्तुर | | |
| | सक्रान्तिबजार | | १००० |
| | वडा कार्यालय सम्म | | १५०० |
| | पुच्छारमा | | २००० |

➢ सरसफाई शूल्क :

| क्र.सं. | विवरण | न्युनतम |
|---|---|---|
| १ | आवासिय घर २ तला सम्म | १०० |
| २ | आवासिय घर २ तला माथी | १५० |
| ३ | होटल, लज सहितको व्यवसायिक | १००० |
| ४ | होटल, सानो चिया नास्ता | ३०० |
| ५ | मासु पसल रांगा / खसी | ३०० |
| ६ | मासु पसल कुखुरा | ४०० |
| ७ | सैलुन | १०० |
| ८ | तरकारी, फलफुल | २०० |
| ९ | पान पसल | ५०।०० |
| १० | माछा पसल | १०० |
| ११ | किराना होलसेल पसले | ४०० |
| १२ | किराना खुद्रा पसल | २०० |
| १३ | फेन्सी, मोबाईल, साईबर, कपडा, घडी पसल, चुरा धागो | १०० |
| १४ | सुन पसल | २०० |
| १५ | स्कुल, क्याम्पस सरकारी | २०० |
| १६ | स्कुल, क्याम्पस नीजि होस्टेल सहित | ५०० |
| १७ | स्कुल, क्याम्पस नीजि | ३०० |
| १८ | कार्यालय सरकारी | ३०० |
| १९ | कार्यालय नीजि, संघसंस्था | ४०० |
| २० | उद्योग ठुलो व्यवसायिक | १००० |
| २१ | उद्योग घरेलु, साना छाला जुत्ता, झोला | २०० |
| २२ | धान, च्यरा, तेल मिल आदि | ५०० |
| २३ | फर्निचर उद्योग | ४०० |
| २४ | बस, माइक्रो काउन्टर | २०० |
| २५ | हस्पीटल, पोलिक्लिनिक सुई सिरिन्ज बाहेक | १५०० |
| २६ | मेडिकल हल, एग्रो भेट | ५०० |
| २७ | कुखुरा फर्म ठुलो ५०० भन्दा बढी | ६०० |
| २८ | कुखुरा फर्म सानो ५०० भन्दा कम | ३०० |
| २९ | हार्डवयर, भाडापसल | ३०० |
| ३० | स्टेशनरी पसल | १०० |
| ३१ | कापी उद्योग, छापाखाना | ५०० |
| ३२ | मोटर वर्कशप | १००० |
| ३३ | साईकल, मोटरसाईकल वर्कशप | ५०० |
| ३४ | मोटर, मोटरसाईकल सोरुम | ३०० |

| | | |
|---|---|---|
| ३५ | मेटल वर्कशप, मोटर पार्टस, वर्कशप | ४०० |
| ३६ | टायर रिसोलिङ | १००० |
| ३७ | बैंक | ५०० |
| ३८ | सहकारी संस्था | ३०० |
| ३९ | टेलरिङ पसल | ४०० |
| ४० | इट्टा विक्रि केन्द्र, भट्टा | २०० |
| ४१ | पेटोल पम्प | ३०० |
| ४२ | मदिरा पसल | ३०० |
| ४३ | टिभि, इलेक्टिक तथा मर्मत पसल | ४०० |
| ४४ | हस्तकला, आर्टस, प्लेक्स | २०० |
| ४५ | सिनेमा हल, पार्टी प्यालेस, क्याटरिङ | १००० |
| ४६ | दुध डिपो | ३०० |
| ४७ | व्युटी पार्लर | ३०० |
| ४८ | सिलाई मेसिन पसल तथा मर्मत | ३०० |
| ४९ | कुखुरा बाहेक कृषि फर्म | ३०० |
| ५० | अन्य | ३०० |

- व्यवयास दर्ता शुल्क : आठराई गाउंपालिका क्षेत्रभित्र दर्ता हुन चाहने व्यवसायीलाई व्यवसाय दर्ता शुल्क रू ५००। लाग्नेछ ।
- निवेदन दस्तूर : कुनै पनि निवेदनहरूमा निवेदन दस्तुर लिईने छैन ।
- यस गाउपालिकामा कर, दस्तुर, महशुल आदी वुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु. ५०।०० लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिईनेछ ।
- भाडा : यस गाउपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे वापत प्रति दिन रू.५००।०० भाडा लिई उपलव्ध गराउने ।
- **सार्वजनिक शौचालय :** नीजि क्षेत्र संग साझेदारी माध्यमवाट शुल्क निर्धारण गरी संचालन गर्ने ।

नोट : यो ऐनमा व्यवस्था नभएका तथा ऐनमा स्पष्ट सँग नतोकिएका सिफारिसको हकमा र अन्य शूल्क तथा करको विषयमा यस ऐन सँग नबाझिने गरि कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

आज्ञाले

श्री राजेन्द्र प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत